चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

आज **मिति २०७७ साल असार ०४ गते** चौरजहारी नगर कार्यपालिकाको **५६ औं बैठक** नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिना के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ असार ४ गतेको ५६ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

नि.प्रमुख प्रशासकिय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
२०७३

## ५६ औं नगर कार्यपालिकाको मिति २०७७।०३।०४ गतेका निर्णयहरु

निर्णय नं. १ : आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. २ : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२०७७।०३।०४

नि.प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

विषय:-विविध समसामयिक विषयहरुमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०३।०३

१. विषयको संक्षिप्त व्यहोराः-विविध समसामयिक विषयहरुमा निर्णय गर्न नगरपालिका अन्तरगतका विभिन्न शाखाहरुबाट विभिन्न प्रस्तावहरु निर्णयार्थ पेश भएका छन् ।

२. प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-विभिन्न शाखाहरुबाट निर्णयको लागि पेश भएका प्रस्तावहरु एवम् विविध समसामयिक विषयहरुमा यथाशीघ्र निर्णय गरी कार्यान्वयनमा लिनु पर्ने देखिन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाका कारण र सम्बन्धित शाखाको राय :-उल्लेखित विविध विषयहरुमा आवश्यक छलफल गरी यथाशीघ्र निर्णयमा पुग्नुपर्ने देखिन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः-उल्लेखित विविध विषयहरुमा निर्णय गरी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ र विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

*निर्णय हुनुपर्ने विषयहरु*

(१) कोभिड-१९ महामारी विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा समेत तीव्र गतिमा सङ्क्रमित बढिरहेको सन्दर्भमा यसको संभावित जोखिम न्यूनिकरण गर्न भारत लगायतका देशहरुबाट आउने व्यक्तिहरुलाई कम्तिमा १४ दिनसम्म क्वारेन्टाइनमा राखि पिसिआर परीक्षण रिपोर्ट पश्चात् मात्र होम क्वारेन्टाइनमा पठाउन उपयुक्त र सुरक्षित हुने देखिएको, कर्णाली प्रदेश सरकारले चौरजहारी सामुदायिक अस्पताललाई कोरोना विशेष अस्पतालको रुपमा तोकेको, भारत लगायतका कोरोना भाइरस महामारिको रुपमा फैलिरहेका देशबाट आउने व्यक्तिहरुको सङ्ख्या दिनदिनै गुणात्मक रुपमा बढिरहेको तर पिसिआर परीक्षण क्षमता बढाउन नसक्दा संकलित स्वाबहरु पिसिआर परीक्षणको लागि सुर्खेत वा जुम्ला पठाउनु पर्ने बाध्यता रहेको र रिपोर्ट प्राप्त हुन हप्तौं कुर्नु पर्ने अवस्था रहेको र यस नगरपालिकामा पिसिआर मेसिन खरिद, जडान तथा संचालनको लागि प्रक्रिया अगाडि बढिसकेको सन्दर्भमा RT-PCR मेसिन खरिद जडान तथा संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने :-

नि.प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

(क) कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट RT-PCR मेसिन स्थापना सम्बन्धमा मिति २०७७/०२/२६ गते नगरपालिकालाई पत्राचार गरिएको, जसमा यस नगरपालिका अवस्थित चौरजहारी अस्पतालमा कोभिड-१९ को जाँचको लागि आवश्यक पर्ने प्रयोगशालामा प्रयोग हुने सामग्रीहरु तथा प्रयोगशाला सम्बन्धी जनशक्तिको व्यवस्था नगरपालिकाबाटै गर्न सकिने अवस्थामा मन्त्रालयबाट RT-PCR मेसिनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सकिने व्यहोरा उल्लेख भएकोमा नगरपालिकाबाट मिति २०७७।०२।२७ गते RT-PCR मेसिन स्थापना गर्ने सम्बन्धमा सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेतमा संप्रेषण गरिएको पत्र मार्फत प्रयोगशालामा प्रयोग हुने सामग्री खरिद गर्न, प्रयोगशाला सम्बन्धी जनशक्ति व्यवस्थापन गर्न र सोको लागि छुट्टै संरचना निर्माणको लागि कर्णाली प्रदेश सरकारबाट बजेट व्यवस्था गरिएको खण्डमा RT-PCR मेसिन स्थापना गर्न सकिने व्यहोरा उल्लेख भएको एवम् जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७।०२।२६ गतेको निर्णय (निर्णय नं. ६) मा हाल यस जिल्लाका विभिन्न स्थानीय तहहरुको क्वारेन्टाइनमा रहेका शंकास्पद मानिसहरुको स्वाव संकलन र परीक्षणको कार्य समेतमा ढिलाई भईरहेको अवस्थालाई दृष्टिगत गरी आवश्यक छलफल गर्दा यस जिल्लामा RT-PCR मेसिन खरिद गर्नुपर्ने अवस्थालाई मनन गरी स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम) मार्फत तालुक निकायमा तत्काल माग गर्ने र सम्बद्ध अन्य व्यवस्थापकीय कार्यहरु प्रवन्ध गर्ने गराउने कुरा उल्लेख भएको सन्दर्भमा यस नगरपालिकाले समय सान्दर्भिक रुपमा RT-PCR मेसिन खरिद, जडान तथा संचालनको अगाडि बढाईएको प्रक्रिया अनुसार यथाशीघ्र उक्त मेसिन तथा सोसँग सम्बद्ध सामग्रीहरु खरिद गरी ल्याब स्थापना गर्ने एवम् आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

(ख) पिसिआर परीक्षणको लागि RT-PCR मेसिन खरिद गरी प्रयोगशाला स्थापना र संचालन गर्न, जनशक्ति व्यवस्थापन लगायतका अन्य व्यवस्थापकीय कार्यहरु गर्न आवश्यक बजेट व्यवस्थाको लागि संघ तथा प्रदेश सरकार समक्ष माग गर्ने । साथै रुकुम (पश्चिम) स्थित ६ वटै पालिकाहरु एवम् छिमेकी पालिका र जिल्ला विपद व्यवस्थापन समितिसँग समेत सहयोगको लागि अनुरोध गर्ने ।

(ग) RT-PCR मेसिन स्थापनाको लागि आवश्यक मेसिन, ल्याव सामग्रीहरु खरिद गरी यथाशीघ्र प्रयोगशाला संचालनको लागि नगरपालिकाबाट आह्वान गरिएको खरिद सूचना बमोजिम रितपूर्वक



नि.प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

दरखास्त परेका प्रस्तावहरुमध्ये सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित अन्य कुराका अतिरिक्त प्राविधिक मूल्याङ्कनमा योग्य भई सबैभन्दा कम समयावधिमा मेसिन तथा सामग्री उपलब्ध गराई प्रयोगशाला संचालन गर्न सक्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्ने ।

(२) आर्थिक वर्ष २०७७/०७८ मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले हजार दिनका आमा र बच्चालाई असर गर्ने र कुपोषणको मात्रा बढ्न सक्ने भएकाले पोषिलो खानेकुरा र पोषययुक्त कुरालाई जोड दिन यस नगरपालिकामा सञ्चालनमा रहेको बहुक्षेत्रिय पोषण योजनालाई आ.व. २०७७।०७८ मा पनि निरन्तरता दिने ।

(ख) बहुक्षेत्रिय पोषण योजनालाई निरन्तरता दिन आ.व. २०७७।०७८ मा यस नगरपालिकाबाट रु ७,६०,०००/- (सात लाख साठी हजारमात्र) विनियोजन गर्ने ।

..............................
रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत